२०७५ साल पौष महिना देखि चैत्र महिना ७ गते सम्म विभिन्न मितिमा वसेको जुनीचाँदे गाउँपालिका गाउँ कार्यपालिकाको वैठकबाट भएको निर्णयहरुको मुख्य व्यहोरा देहाय वमोजिम रहेको छ ।

१ . छाना विरा सडक निर्माण वडा नं १ कार्यान्वयनको लागि गजलपाखा तर्फ आवाद नभएको स्थान सरस्वती प्राथमिक विद्यालय बडकुले हुँदै निर्माण गर्ने ।

२ . झापाखोला देखि ठकुरीटोल हुँदै गहतखामा सम्म पाइप सिचाइ निर्माण गर्ने ।

३ . काल दह देखि काफलतरा हुँदै चिसाने सम्म सिमेन्ट मेशीनरी सिचाई निर्माण गर्ने ।

४ . साविक जिल्ला विकास समिति जाजरकोटबाट क्रमागत रुपमा निर्माण गर्ने क्रममा संलग्न श्रेष्ता प्रतिलिपिबाट भुक्तानी भएको रकमको अभिलेख राखी साविक गाविस कार्यालय माझकोटको आर्थिक वर्ष २०७५।०७६ को लागि विनियोजित साविक मजकोट गाविसको कार्यालय भवन निर्माण वडा नं ३ रु १००००० अक्षरुपी दशलाख बजेट तथा कार्यक्रमबाट वाँकी काम गर्न सुरुवात गर्ने ।

५ .आर्थिक वर्ष २०७५।०७६ को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत नरमरा लुहादह मावि कोर्ताङ्ग जुनी जुम्ला स्तरोन्नती जुनीचाँदे ४ कार्यक्रम भनिए पनि कार्यान्वयनको क्रममा सडक विस्तार मात्रै नभई साविकका सडकको घुम्तीहरु घटाउने र ग्रेडिङ मिलाउन नयाँ ट्र्याक खोल्ने तथा सडक विस्तार एवं स्तरोन्नती समेत गर्ने ।

६ .चालु आर्थिक वर्षको विनियोजित मजकोट खोला लघु जलविद्युत आयोजना वडा नं ४ रु १००००० । अक्षरुपी दश लाखबाट विद्युत केन्द्र पानी पुऱ्याउने कूलो निर्माण गर्ने ।

७ .चालु आर्थिक वर्षको विनियोजित रविकिरण सिकाई केन्द्र व्यवस्थापन तथा सामाग्री खरिद वडा नं ४ रु २००००० । अक्षरुपी दुई लाखबाट सामाग्री खरिद अन्तरगत कम्युटर फर्निचर प्रिन्टर प्रोजेक्टर आदी खरिद ।

८ .चालु आर्थिक वर्षको विनियोजित बुदबुदी खानेपानी निर्माण वडा नं ४ रु १०००००० । अक्षरुपी दश लाखबाट च्याम्वर देखि नै नयाँ पाइपलाइन निर्माण, आरविटि निर्माण र धारा निर्माण जस्ता कार्य गर्ने ।

९ .चालु आर्थिक वर्षको विनियोजित लामातडा गर्खाकोट बुद्धिडाँडा जुम्ला सडक निर्माण खण्ड क रु ५००००००। र खण्ड ख २०००००० । लाई एकिकृत रुपमा ड्रोइङ्ग डिजाइन नक्साङ्क लागत अनुमान तयार गरी एउटै सडक निर्माण उपभोक्ता समितिबाट लामातडा पुलबाट काम सुरु गरी नै आवश्यक्ता अनुसार नयाँ ट्र्याक खोल्ने र साविकको ट्र्याकलाई विस्तार गर्ने लगायत स्तरोन्नती गर्ने गरी कार्यान्वयन गर्ने र गाउँपालिका अनुदान रु ७०००००० सत्तरी लाख कायम गरी सम्झौता भुक्तानी लगायतका कार्य गर्ने ।

१० .औलखोला काप्रा गजलपाखा सडक निर्माण वडा नं १ कार्यन्वयनको लागि वस्तीबाट सडक निर्माण गर्दा घर तथा आवादी जग्गामा क्षति पुग्ने हुनाले आवाद नभएको जंगल भएको भिरालो भूभागबाट नै घुम्तीहरु सहित निर्माण गर्न लगाई क्षति कम गर्ने ।

११ .आर्थिक वर्ष २०७५।०७६ को गाउँसभाबाट स्वीकृत योजना कार्यक्रम कार्यान्वयनको सन्दर्भमा निर्माण सामाग्री खरिद गर्नुपर्ने कामको लागि नियमानुसार अनिवार्य पेश्की रकम उपलब्ध गराउने . ।

१२ .चालु आर्थिक वर्षको विनियोजित सहिद पार्क निर्माण रु २०००००। को निर्माण स्थल ७ नं वडा कार्यालयको सिफारिसमा निर्धारण गर्ने ।

१३ . अन्तर सरकारी वित्तीय हस्तान्तरण एवं अन्य जुनसुकै स्वरुपमा प्राप्त हुने रकम, आन्तरिक स्रोत तथा नगद मौज्दातबाट विनियोजित एवं प्राप्त बजेटबाट स्वीकृत तथा प्राप्त कार्यक्रम बमोजिम कार्यान्वयन गर्नुपर्ने सार्वजनिक निर्माण सम्बन्धी योजनाहरु र गाउँ कार्यपालिकाकाको कार्यालय वाहेकका मालसामान तथा परामर्श खरिद सम्बन्धी कार्यहरु यस आर्थिक वर्ष २०७५/०७६ को हकमा उपभोक्ता समितिबाट मात्र सञ्चालन गर्नुपर्ने तथा लागत अनुमान प्रयोजनको लागि गाउँ दररेट स्वीकृत नभए सम्मको हकमा जाजरकोट जिल्लाको दररेट नै प्रयोग गर्ने र गाउँपालिका अनुदानको तीन प्रतिशतले हुन आउन रकमलाई कन्टेन्जेन्सी खर्चमा समावेश गर्ने ।

१४ . यस जुनीचाँदे गाउँपालिकाको आर्थिक वर्ष २०७५।०७६ को स्वीकृत वार्षिक कार्यक्रम तथा अन्य जुनसुकै माध्यमबाट जुनसुकै निकायबाट जुनसुकै स्वरुपमा प्राप्त भई गाउँपालिकाबाट सञ्चालन गर्नुपर्ने योजना वा कार्यक्रम वा सार्वजनिक निर्माण सम्बन्धी कार्यहरु जनसहभागितामा आधारित उपभोक्ता समितिबाट सञ्चालन गराउँदा पनि भारी निर्माण सामाग्री (एक्साभेटर, ब्रेकर, ब्याक्हो लोडर) लोडर प्रयोग गर्न उपभोक्ता समितिलाई अनुमती दिने र सोही अनुसार इन्जिनियरिङ्ग कागजात तयार गर्न सार्वजनिक निर्माण सम्वद्ध प्राविधिक जनशक्ति इन्जिनियरलाइ लगाउने ।

१५ जुनीचाँदे गाउँपालिकाको एकिकृत सम्पति कर निर्देशिका, २०७५ स्वीकृत ।

१६ राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम सञ्चालन ।

१७ ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम सञ्चालन ।

१८. सार्वजनिक स्थलमा आर्थिक वर्ष २०७५।०७६ गाउँ सभाको स्वीकृत कार्यक्रमको मन्दिरहरु, शौचालय र सामुदायिक भवन निर्माण गर्ने र भुक्तानी गर्ने ।

१९ . अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तरगत सशर्त अनुदान वापत यस गाउँपालिकालाई प्राप्त पानी तथा स्वास्थ्य सरसफाई सहितको शौचालय क्रियाकलाप नं २.१५.११.७९७ संख्या ३ रु २१ लाखबाट श्री सरस्वती आवि मटेला जुनीचाँदे ५, पञ्चला मावि कल्ली र पुतली निम्न माध्यामिक विद्यालय निपाने, माध्यामिक विद्यालय पुस्तकालय स्थापना तथा व्यवस्थापन फिक्सिङ किताव खरिद तथा इपुस्तकालय समेत) क्रियाकलाप नं २.१५.११.७८८ एक रु ६५००००। भैरव माध्यमिक विद्यालय मजकोट, शिक्षण सिकाइमा ICT को प्रयोग कम्युटर इन्टरनेट कनेक्टिभिटि इक्युपमेन्टस तथा Kits खरिदको लागि अनुदान) क्रियाकलाप नं २.१५.११.७८९ इकाइ १ रु ६५०००० महेन्द्र माध्यामिक विद्यालय कोर्ताङ्ग र माध्यामिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान क्रियाकलाप नं २.१५.११.७७२ सिकाई १ रु ६५००००। वाट नारायण चौर माध्यामिक विद्यालय काप्रालाई छनौट गरी सम्पन्न गर्ने ।

२० कार्यालय सहयोगी पदमा सेवा करार (व्यक्ति करार) लिने ।

२१ सवारी साधन खरिद शीर्षकमा विनियोजित रकम खर्च गर्न कार्यक्रम, लागत अनुमान स्वीकृत गर्ने र खरिद गर्ने ।

२२ आर्थिक वर्ष २०७५।०७६ को वार्षिक खरिद गुरु योजना स्वीकृत गर्ने।

२३ सम्पूर्ण वडा कार्यालय कार्यालयहरुमा इन्टरनेट जडान गर्न परामर्श सेवा खरिद गर्ने विषयको जुनीचाँदे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सामान्य प्रशासन शाखाको १/३-०७५/०९/३० को प्रस्ताव-प्रस्तावमा लेखिए बमोजिम गर्ने ।

२४ .जुनीचाँदे गाउँपालिकाको विनियोजन ऐन, २०७५ बमोजिम विनियोजित बजेट वमोजिम स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तरगत देहाय बमोजिमको कार्यक्रमहरुको आर्थिक कार्यविधि, २०६४(संशोधन सहित ) अनुसूची १, बजेट फाराम नं ६ राष्ट्रिय योजना आयोग फाराम नं १ र स्थानीय तहको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन, २०७४ परिमार्जित वमोजिमको अनुसूची ७ को कार्यक्रम स्वीकृत गरियो र प्रमाणीकरण गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आदेश दिने ।

२५ वाह्य खोप केन्द्र भवन वडा नं ७ मा निर्माण गर्ने ।

२६ वैठक संख्या कायम गर्ने ।

२७ सेवा करारमा (व्यक्ति करार) २ जना सव इन्जिनियर लिने ।

२८. सामुदायिक तथा कबुलियत वन विकास कार्यक्रम वडा नं ८ मैनपाखाको खुदिना काइनेट सल्लेरी पाखा सामुदायिक बन पार्क निर्माण गर्ने ।

२९ . वातावरणीय सरसफाइ आयोजना सञ्चालन गर्ने क्रममा वडा नं १ को सरस्वती वडकुलेमा शौचालय निर्माण गर्ने ।

३० जुनीचाँदे गाउँपालिकाको स्रोत परिचालन कार्यविधि, २०७५ तर्जुमाको लागि सैद्धान्तिक सहमति प्रदान गर्ने ।

३१ Irrigation र Water supply Designing software खरिद गर्ने र सोको लागि रु २०००००।रकम छुट्याउने विषयको जुनीचाँदे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पूर्वाधार विकास तथा भवन नियमन शाखाको ३/२-०७५/०९/३० को प्रस्ताव-प्रस्तावमा लेखिए बमोजिम गर्ने ।

३२ राजस्व संकलन तथा व्यवस्थापन सम्बन्धी Software खरिद गर्ने र सोको लागि रु २०००००। रकम छुट्याउने ।

३३ मजकोट खोलाबाट रोडा ढुङ्गा वालुवा लगायत नदीजन्य खनिज पदार्थ उत्खनन र निकासी गर्न प्रारम्भिक वातावरणीय परीक्षणको लागि कार्यसूची स्वीकृतिको लागि जिल्ला समन्वय समितिमा पेश गर्ने तथा परामर्श सेवा लिन रु ४९००००। विनियोजन गर्ने ।

३४ जिन्सी व्यवस्थापन Software खरिद गर्ने र सोको लागि रु २०००००। छुट्याउने ।

३५ योजना कार्यान्वयन तथा व्यवस्थापन सम्बन्धी Software खरिद गर्ने र सोको लागि रु २०००००।छुट्याउने ।

३६ एकिकृत सम्पति कर संकलन तथा व्यवस्थापन तालिमको लागि रु १००००० अक्षरुपी एकलाख मात्र वजेट विनियोजन गर्ने ।

३७ . यस गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को गाउँ सभाबाट स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तरगत शान्ति सुरक्षा कार्यक्रमबाट जिल्ला प्रहरी कार्यालय जाजरकोटको लागि डेस्कटप कम्प्युटर खरिद गर्न रु एक लाख प्रचार सामाग्री खरिदको लागि रु पचास हजार प्रदान गर्ने तथा कम्प्युटर तथा प्रचार सामाग्रीको स्पेसिफिकेशन तथा लागत अनुमान स्वीकृत गर्ने ।

३८ . मिति २०७५ पौष ११ देखि १५ सम्म संचालित तेश्रो जाजरकोट महोत्वसको लागि आर्थिक वर्ष २०७५।०७६ को गाउँसभाबाट विनियोजित चालु खर्च अन्तरगत विविध खर्च शीर्षकवाट रु १००००० रु एकलाख मात्र अनुदान स्वरुप प्रदान गर्ने ।

३९ स्वास्थ्य सेवा प्रवाह सम्बन्धी व्यवस्था गर्ने ।

४० . यस गाउँपालिकाको आर्थिक वर्ष २०७५।०७६ को गाउँ सभाबाट स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तरगत कृषि पशुपंक्षी तथा सहकारी कार्यालयको लागि कृषि शाखा रु दश लाख र पशुपंक्षी शाखा रु दश लाख, लैंगिक समानता तथा सामाजिक सुरक्षा उपशाखाको लागि महिला विकास शाखा रु दश लाख, न्यायिक समितिको लागि न्यायिक समिति तर्फ रु तीस लाख र आधारभूत स्वास्थ्य तथा सरसफाई कार्यालयको लागि आपतकालीन औषधी स्ट्रेचर खरिद क्षय/कुष्ठ रोगका विरामी खोजी तथा महिला स्वास्थ्य स्वयंसेविकाको प्रोत्साहन भत्ता रु वाह्र लाख विनियोजन भएकोमा यस अघि चौमासिक विभाजन सहितको स्वीकृत विस्तृत कार्यक्रम अनुमोदन गरी कार्यक्रम संचालन गर्न आदेश दिने साथै हाल सम्मको खर्च यसै निर्णय वमोजिम हुने ।

४१ . एकीकृत गाउँपालिका विकास गुरु योजनाको कार्यक्षेत्रगत शर्त तथा लई स्वीकृत स्वीकृत गरी सोको प्रमाणीकरण गर्न तथा प्रचलित कानून बमोजिम खरिद सम्बन्धी सम्पूर्ण कार्य गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आदेश ।

४२ गुस्तरा जलविद्युत आयोजना सर्वेक्षणको लागि परामर्श खरिद गर्न कार्यक्षेत्रगत शर्त र लई स्वीकृत गरी परामर्श सेवा खरिद गर्ने ।

४३ सामुदायिक विकास तथा वन/जलाधार संरक्षण कार्यक्रम सञ्चालन गर्ने ।

४४ स्वीकृत वार्षिक विकास कार्यक्रममा सूचक स्पष्ट नभई चौमासिक विभाजन सहित स्पष्ट सूचक सहित तयार गरिएको संलग्न योजना कार्यक्रम स्वीकृत गर्ने वाँकीको हकमा स्वीकृत गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आदेश दिने ।

४५ यस जुनीचाँदे गाउँपालिकाको पाश्र्वचित्र (Profile) तयार गर्ने ।

४६ करार अ न मी नियुक्ति गर्ने Roaming A.N.M बाट Disadvantage Community लाइ पनि सेवा दिन सो लागि करार सेवा लिने ।

४७ करार (व्यक्ति करार) सेवा लिने ।

४८.यस जुनीचाँदे गाउँपालिकामा रहेका करार सम्पूर्ण कर्मचारीहरुको मिति २०७५।०९।३० गते देखि करार म्याद समाप्त भएकोमा करार कर्मचारीहरुको मिति २०७५।१०।०१ देखि २०७६ असार मसान्त सम्म करार कर्मचारीहरुको म्याद थप्ने ।

४९ . नरमरा लुहादह मावि कोर्ताङ्ग जुनी जुम्ला सडक स्तरोन्नती वडा ४ रु ४००००००। कार्यान्वयनको लागि घुम्ती घटाउन तथा ग्रेडिङ मिलाउन नयाँ ट्र्याक खन्ने तथा सडक फराकिलो वनाउने लगायतको स्तरोन्नती गर्ने सोको लागि जिरो प्वाइन्टबाट काम सुरु गर्ने ।

५०. अस्पताल तथा वर्थिङ्ग सेन्टरमा २४ घण्टा प्रसुती सेवा सञ्चालन गर्न करारमा अनमी नियुक्ति (अन्य स्वास्थ्य सेवा) बाट करार अनमी नियुक्ति गर्ने ।

५१ .वातवरणीय सरसफाई कार्यक्रम सरस्वती आवि जुनिचाँदे १ कार्किगाँउ सञ्चालन गर्ने ।

५२. राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम सञ्चालन ।

५३ . नरमरा-लुहादह मावि-कोर्ताङ-जुनि-जुम्ला (बडा खोला कोर्ताङ खण्ड) जुनीचाँदे-११ निर्माण गर्दा घरहरु तथा जग्गा बचाउन ताँगा लगायत विभिन्न स्थानमा घुम्ती निर्माण कार्य गर्ने ।

५४.आदर्श माध्यामिक विद्यालय लुहादहको चारकोठे पक्की भवनको विचको कोठामा नयाँ ढोका राख्ने वाहिर पर्खाल लगाउने शौचालय निर्माण गर्ने माथिल्लो तलामा कोठा थप्ने सेप्टिक ट्याङ्क निर्माण धारा निर्माणमा खर्च गर्न रु ५०००००। रकम नगद मौज्दातबाट विनियोजन गर्ने ।

५५. यस जुनीचाँदे गाउँपालिकाको आर्थिक वर्ष २०७५।०७६ को स्वीकृत वार्षिक कार्यक्रम तथा अन्य जुनसुकै माध्यमबाट जुनसुकै निकायबाट जुनसुकै स्वरुपमा प्राप्त भई गाउँपालिकाबाट सञ्चालन गर्नुपर्ने योजना वा कार्यक्रम वा सार्वजनिक निर्माण सम्बन्धी कार्यहरु असिस्टेन्ट सव इन्जिनियर, इन्जिनियरहरुबाट सार्वजनिक निर्माण तथा उपभोक्ता समितिबाट खरिद गरिने मालसामानको सर्भेक्षण, इस्टिमेट, नक्सा, ड्रोइङ्ग, डिजाइन, संभाव्यता अन्ययन, लागत अनुमान तयार गर्ने र मुल्याङ्कन गरी भुक्तानी विल उठाउने काममा खटाउने र सोको अन्तिम रुप दिन इन्जिनियरलाई लगाउने ।

५६.माथि उल्लेखित निर्णयहरुमा विनियोजन गरेको र छुट्याइएको रकम गत आर्थिक वर्षको नगद मौज्दातबाट खर्च लेख्ने ।

५७ हल्का सवारी चालकको पद संख्या १ एक सिर्जना गरी हल्का सवारी चालक प्रथम स्तरको शुरुको तलभमा उपलब्ध गराउने साथै सो को लागि प्रतिस्पर्धा गराउन पाठ्क्रम स्वीकृत गर्ने र विज्ञापन गरी पदपूर्ति गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गठित समितिलाई नै निर्देशन दिने ।

५८ जुनीचाँदे राजपत्र प्रकाशन गर्ने, अद्यावधिक गर्ने र वेभसाईटमा प्रकाशन गर्ने सम्बन्धी कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

५९ अन्तर सरकारी वित्तीय हस्तान्तरण एवं अन्य जुनसुकै स्वरुपमा प्राप्त हुने रकम तथा आन्तरिक स्रोत तथा नगद मौज्दातबाट विनियोजित एवं प्राप्त बजेटबाट स्वीकृत तथा प्राप्त कार्यक्रमहरु कार्यान्वयन गर्न जुनीचाँदे गाउँपालिका योजना खाता पुस्तिका स्वीकृत गर्ने।

६० जुनीचाँदे गाउँपालिकाको ज्येष्ठ नागरिक परिचय पत्र वितरण सम्बन्धी निर्देशिका, २०७५ स्वीकृत गर्ने ।

६१ वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन गर्ने, वहुक्षेत्रीय पोषण योजना लागू हुने वडा छनौट गर्ने, पोषण स्वयंसेवक छनौट तथा सिफारिस समिति गठन गर्ने, सम्पर्क शाखा र व्यक्ति (Focal Section and Person) तोक्ने तथा समपुरक रकमको व्यवस्थापन गर्ने ।

६२ जुनीचाँदे गाउँपालिकाको गाउँ दररेट स्वीकृत गर्ने ।

६३ जुनीचाँदे गाउँपालिकाको अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

६४ जुनीचाँदे गाउँपालिका गाउँ कार्यपालिकाको वैठक सम्बन्धी कार्यविधि, २०७५स्वीकृत गर्ने ।

६५ जुनीचाँदे गाउँपालिकाको संस्था दर्ता आदेश, २०७५ तथा जुनीचाँदे गाउँपालिकाको संस्था दर्ता नियमावली, २०७५ स्वीकृत गर्ने ।

६६ स्थानीय विकास समस्या समाधान समिति गठन गर्ने तथा कार्यदिश स्वीकृत गर्ने ।

६७ स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) लागू गर्ने ।

६८ जुनीचाँदे गाउँपालिकाको कानूनहरु निर्माणको लागि सैद्धान्तिक सहमती प्रदान गर्ने ।

६९ जुनीचाँदे गाउँपालिकको जलस्रोत निर्देशिका, २०७५ स्वीकृत गर्ने ।

७० जुनीचाँदे गाउँपालिकाको पदपूर्ति सम्बन्धी नियमावली, २०७५ स्वीकृत गर्ने ।

७१ जुनीचाँदे गाउँपालिकाको पदाधिकारी एवं दक्ष/ विज्ञ र कर्मचारीहरुको आचारसंहिता, २०७५ स्वीकृत गर्ने ।

७२ स्थानीय स्तरको सामाजिक सुरक्षा अनुगमन तथा सुपरीवेक्षण समिति गठन तथा उपयोग गर्ने ।

७३ कानून दर्ता किताव र राजपत्र दर्ता कितावको ढाँचा स्वीकृत गर्ने ।

७४ कार्यसम्पन्न भएका योजनाहरुको भुक्तानी दिन फरफारक गर्ने ।

७५ अध्यक्ष कृष्ण बहादुर केसीले प्रस्ताव गर्नु भएको जिल्ला समन्वय समितिको कार्यालय जाजरकोटको चं नं ३६० को मिति २०७५।११।२७ गतेको प्रासपत्र अनुसार Toyota Pick up Model No. KuW25R-PRMDH, Engine No.2KD7201137, Chasis No.MK0FR22G000521596, Model 2007, Toyota Pick Up गाडी मर्मत गर्न रु ११०००००। अक्षरुपी एघार लाख मात्र विनियोजन गर्ने ।

७६ अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तरगत सशर्त अनुदान स्वरुप प्राप्त बजेट उपशीर्षक नं ८०१८१७ विद्यालय क्षेत्र विकास कार्यक्रम केन्द्र स्तर २ कोठे नयाँ कक्षाकोठा सहित फर्निचर निर्माण कक्षा कोठा ल्याव लाइव्रेरीका लागि समेत भवन निर्माण शैक्षिक प्रयोजन) बाट श्री आदर्श माध्यामिक विद्यालय लुहादह र श्री पुतली निम्न माध्यामिक विद्यालय निपानेमा निर्माण गर्ने ।

७७ बडाखोला देखि धुरेपिलन सम्म कुलो सिंचाई योजना जुनीचाँदे गाउँपालिका ४ ड्रोङ्ग डिजाइन लागत अनुमान वमोजिम निर्माण भएकोले कूल लागत अनुमान ५९४११६४।८० अनुदान ५५५२८१८।७४ श्रमदान

३८८३४६।०५२ आर्थिक वर्ष २०७४।०७५ मा पहिलो रनिङ्ग विल कूल भुक्तानी रु १०३४७७६।०४ अनुदान रु ९६२३४१।७२ श्रमदान ७२४३४।३२ दोस्रो रनिङ विल अनुदान २१,०७,०१।२८ श्रमदान १,५८,६५९।२४ सहित रु २१,७८,९२८।०५ भुक्तानी दिने ।

७८ जुनीचाँदे गाउँपालिका न्यायिक समितिको सचिवालयमा काम गर्न आन्तरिक स्रोतबाट व्यहोर्ने गरी उजुरी प्रशासकको तलव रु २००००। अक्षरुपी पन्ध्र हजार मात्र गर्ने र गत आर्थिक वर्षको आन्तरिक स्रोतबाट खर्च लेख्ने ।

७९ झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमको आ व ०७४।०७५ को जिल्ला प्राविधिक कार्यालय र देहायका योजनाहरुका उपभोक्ता समितिहरु वीच मिति २०७४।११।१४ र १५ गते मिति २०७६।०३।१५ सम्म कायम हुने गरी भएको सम्झौताको स्वामित्व ग्रहण गरी गाउँपालिका र उपभोक्ता समितिसँग सम्झौता भए सरह ठानी नियमानुसार भुक्तानी लगायतका कार्यक्रम सञ्चालन सम्बन्धी सम्पूर्ण कार्य गर्ने ।

क) गाडथली झो पु

ख) सिस्ने झो. पु

ग) पाततडा झो. पु .

घ) कोलढुङ्गा झो.पु.

८० झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम कार्यन्वयनको लागि साविक जिल्ला विकास समिति जाजरकोटलाई कार्यक्रम कार्यन्वयन सहयोग गर्दै आएको ग्रामीण विकास सेवा केन्द्र दैलेख सँग यस गाउँपालिकाले सम्झौता गरी कार्यक्रम कार्यन्वयनमा सहयोग लिने । अन्य सर्त सम्बन्धी व्यवस्थाहरु संलग्न सम्झौता पत्र बमोजिम हुनेछन् ।

८१ लामातडा गर्खाकोट बुद्धिडाँडा जुम्ला सडकको स्तरोन्नती तथा ट्रयाक खोल्न लागि सभाबाट अनुमोदन भए बमोजिम गर्ने गरी रु २००००००। विनियोजन गर्ने प्रस्ताव प्रस्ताव बमोजिम गर्ने ।

८२ कोर्ताङ्ग स्वास्थ्य चौकी कार्यक्रमको लागि म्याचिङ्ग गाउँसभामा निर्णय भएको र सभाको माइन्यूटमा छुट भएको रु ३५०००० अक्षरुपी तीन लाख पचास हजार मात्र । रकम नगद मौज्दातबाट विनियोजन गर्ने प्रस्ताव बमोजिम गर्ने ।

८३ पञ्चला माध्यामिक विद्यालय जुनीचाँदे ९ आठकोठे भवन रङरोगन तथा ग्रिल निर्माणको लागि गाउँसभाबाट अनुमोदन हुने गरी रु ५००००० अक्षरुपी पाँच लाख मात्र । रकम नगद मौज्दातबाट विनियोजन गर्ने प्रस्ताव बमोजिम गर्ने ।

८४ बहुक्षेत्रीय पोषण योजनाको समपुरकोष वापत विनियोजित रकम नगद मौज्दातबाट खर्च लेख्ने गरी अनुमोदन गर्ने।

८५ कला साहित्य र संङगीतको त्रिवेणी सिर्जना उत्सव लागि रु ४४००० (अक्षरुपी चौवालीस हजार मात्र ।) दिने प्रस्ताव-बमोजिम गर्ने ।

८६ रु ३००००० अक्षरुपी तीन लाख भन्दा मुनि कार्यक्रम यस कार्यालयका खानेपानी तथा सरसफाई टेक्निसियन श्री हरिहर अधिकारीले प्राविधिक मूल्याङ्कन गरेपछि भुक्तानी दिने र अन्य जुनसुकै निकायबाट इन्जिनियर काजमा खटाई लागत अनुमान तथा मुल्याङ्कन स्वीकृत गराउने ।

८७ जिल्ला प्रशासन कार्यालय जाजरकोटको नेतृत्वमा उद्योग विकास शाखा भेरी नगरपालिका, जिल्ला निर्वाचन कार्यालय जाजरकोट लगायतबाट वडा नं ३ र ४ मा सञ्चालन गरिने एकिकृत घुम्ती शिविरमा जुनसुकै निकायबाट खटिने कर्मचारी तथा पदाधिकारीहरुको लागि खाना खाजा यातायात खर्च दैनिक भ्रमण भत्ता खर्च वापत विविध खर्च शीर्षकबाट खर्च लेख्न रु २००००० अक्षरुपी दुई लाख विनियोजन गर्ने प्रस्ताव प्रस्ताव बमोजिम गर्ने ।

८८ जुनीचाँदे गाउँपालिकामा विभिन्न पदहरुको स्थायी अस्थायी सेवा करारमा पदपुर्तिको लागि संचालन गरिने परिक्षामा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७५ स्वीकृत गर्ने विषयको प्रस्ताव प्रस्ताव बमोजिम गर्ने ।

८९ सशस्त्र प्रहरी बल जाजरकोटलाई भान्सा निर्माणको लागि नगद मौज्दात रु ३००००० अक्षरुपी तीन लाख मात्र विनियोजन गर्ने ।

९० कुशे गाउँपालिका वडा नं ५ निवासी श्री काली बहादुर मल्ललाई दुबै मृगौला सम्बन्धी जटिल रोग लागि काठमाण्डौमा उपचार गराइरहेकोले काली बहादुर मल्लाई विविध खर्चबाट रु १००००० अक्षरुपी एकलाख मात्र उपचारका लागि विनियोजन गर्ने ।

९१ जुनीचाँदे गाउँपालिका वडा नं ४ को वडा कार्यालय भवन निर्माणका लागि मुनलाइट ईन्जिनियरिङ्ग एण्ड रिसर्च कन्सल्टेन्सी वि न पा १० सुर्खेतले तयार गरेको DPR स्वीकृत गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप विवरण कार्यालयबाट उपलब्ध हुनेछ ।